# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

पत्र संख्या/Ref: ०१६/७७
चलानी नम्बर/Dispach No.:

मिति/Date: २०७७/०२/११

## पाणिनी गाउँपालिकाको अनुरोध

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) को संक्रमणको दर पछिल्ला दिनहरुमा नेपालमा पनि तिव्र रुपमा देखा परिरहेको छ। यसै समयमा रोजगारीका लागि भारतमा गएका नेपाली दाजुभाई दिदीबहिनीहरु आफ्नो घर फर्कन चाहिरहनु भएको छ। यसरी फर्कने क्रममा कतिपय दाजुभाई दिदी बहिनीहरु नेपालका विभिन्न सीमा नाकाहरुमा आइपुग्नु भएको छ।यसै परिस्थितिलाई मध्यनजर गर्दै पाणिनी गाउँपालिका, अर्घाखाँचीले त्यसरी रोजगारीमा रहनुभएका, आफ्नो घर फर्कनको लागि सीमा नाकामा आइपुग्नु भएका तथा आउने तयारी गरीरहनुभएका महानुभावहरुको लागि निम्न कुराहरुको अनुरोध गर्दछ।

१. छिमेकी देश भारतमा रोजगारीको क्रममा रहनुभएका हाल कार्यस्थलमा सुरक्षित महसुस गर्नुहुने महानुभावहरु सुरक्षित रुपले जहाँ रहनुभएको छ, त्यही रहनुहोला ।

२. असुरक्षित महसुस गरी नेपाल घर फर्कन चाहनेहरु समुहमा फर्किने तयारी गर्नुहोला ।१ जना, २ जना गरी छुट्टाछुट्टै नहिड्नुहोला । त्यसरी हिडेर सिमा नाकामा आई सम्पर्क गर्दा सवारी साधन व्यवस्थापनमा कठिनाई हुने हुन्छ ।

३. ३०-४० जनाको समूह बनेपछि गाउँपालिकाका जिम्मेवार पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष तथा सम्बन्धित वडाका वडाध्यक्ष) लाई सम्पर्क गरी हिड्ने मिति, समय, संख्या, ठेगाना यकीन गरेर मात्र निस्किनुहोला ।

सम्पर्क नं.

| नामथर, पद | सम्पर्क नं. | नामथर, पद | सम्पर्क नं. |
|---|---|---|---|
| अच्युत गौतम, अध्यक्ष | ९८५७०८६५०० | लक्ष्मी गौतम, उपाध्यक्ष | ९८५७०८६५१० |
| शालिकराम भट्टराई, वडाध्यक्ष वडा नं. १, पणेना | ९८५७०८६५०१ | नेत्रप्रसाद भट्टराई, वडाध्यक्ष वडा नं. २, पोखराथोक | ९८५७०८६५०२ |
| देवी बहादुर क्षेत्री, वडाध्यक्ष वडा नं. ३, खिदिम | ९८५७०८६५०३ | स्यानेश्वर घिमिरे, वडाध्यक्ष वडा नं. ४, पटौटी | ९८५७०८६५०४ |
| जीवलाल घिमिरे, वडाध्यक्ष वडा नं. ५, मैदान | ९८५७०८६५०५ | शुभबहादुर थापा, वडाध्यक्ष वडा नं. ६, धातिवाङ्ग | ९८५७०८६५०६ |
| गुनाखर अधिकारी, वडाध्यक्ष वडा नं. ७, अड्गुरी | ९८५७०८६५०७ | मीनराज आत्रेय, वडाध्यक्ष वडा नं. ८, पाली | ९८५७०८६५०८ |

४. कोरोना भाइरस संक्रमका कारणले असुरक्षित महसुस गरी घर फर्कन चाहनुभएका महानुभावहरुले यही मिति २०७७।०२।२०( 2 June,2020) गते भित्र फर्किने गरी समय तालिका निर्धारण गर्नुहोला ।आवतजावतको क्रम निरन्तर भइरहँदा कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणमा जटिलता उत्पन्न भई स्थिति भयावह हुन सक्ने भएकोले समयावधि तोकिएको छ । स्थिति सामान्य हुनासाथ आवतजावत सहज हुनेछ ।

५. गाउँपालिका प्रवेश गरेपश्चात कोरोना भाइरस परीक्षणको नतिजा (रिपोर्ट) नआउँदासम्म गाउँपालिकाले निर्धारण गरेको क्वारेन्टाइनमा इमान्दारीपूर्वक बस्नुपर्नेछ ।

अच्युत गौतम
अध्यक्ष